(दफा २० को उपदफा (४) संग सम्बन्धित)
कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

# जस्मिन हाइजिन प्रोडक्ट्स प्राइभेट लिमिटेड
को
# नियमावली

## परिच्छेद - १
## प्रारम्भिक

१) **कम्पनीको नाम:** यस कम्पनीको नाम **जस्मिन हाइजिन प्रोडक्ट्स प्राइभेट लिमिटेड** हुनेछ । र, यसलाई अंग्रेजीमा **Jasmine Hygiene Products Private Limited** भनिनेछ ।

२) **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना:** यस कम्पनीको रजिष्टर्ड कार्यालय मोरङ जिल्ला बुढीगङ्गा गाउँपालिका वडा न.०१,मा रहनेछ ।

३. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले कम्पनी ऐन,२०६३ सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ ।

(ग) "कम्पनी" भन्नाले **जस्मिन हाइजिन प्रोडक्ट्स प्राइभेट लिमिटेड** सम्झनु पर्छ ।

(घ) "पदाधिकारी " भन्नाले कम्पनीको सञ्चालक, कार्यकारी प्रमुख, प्रबन्धक, कम्पनी सचिव, लिक्वीडेटर वा विभागीय जिम्मेवारी लिने कुनै कर्मचारी समेत सम्झनु पर्छ ।

(ङ) "सभा" भन्नाले कम्पनीको साधारण सभा सम्झनु पर्छ ।

(च) 'प्रबन्धपत्र' भन्नाले कम्पनीको प्रबन्धपत्र र यसमा समयसमयमा हुने संशोधनसमेतलाई सम्झनुपर्छ ।

(छ) 'नियमावली' भन्नाले कम्पनीको नियमावली र यसमा समयसमयमा हुने संशोधनसमेतलाई सम्झनुपर्छ ।

(ज) 'सर्वसम्मत सम्झौता' भन्नाले कमपनी दर्ता हुँदाका अवस्थामा संस्थापकहरुले गरेका सम्झौता तथा भविष्यमा सबै सेयरवालाहरुले आपसमा गरेका सम्झौता समेतलाई सम्झनुपर्छ ।

४. **कम्पनीको उद्देश्य :** कम्पनीको उद्देश्य प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद-२
## शेयर पूँजी तथा ऋण

५. **शेयरको अंकित मूल्य :** यस कम्पनीको शेयरको अंकित मूल्य रु. १०० हुनेछ ।

६. **शेयरमा लियन रहने कुरा :** शेयरधनीहरुले कम्पनीलाई तिर्न बाँकी रहेको शेयर वापतको रकम वा कम्पनीलाई कानून बमोजिम बुझाउनु पर्ने बाँकी रकम वापत निजहरुका नाममा दर्ता भएको शेयर र सो बापत बाँडिने लाभांशमा कम्पनीको लियन वा दावी रहनेछ ।

७. **विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरु :** हाल साधारण सेयरहरुको मात्र व्यवस्था गरिएको छ । सधारणसभाले प्रस्ताव पारित गरेको अवस्थामा शेयरहरुको वर्ग र त्यसमा निहित शेयरधनीहरुको हकसम्बन्धी व्यवस्था सोहीबमोजिम हुनेछ ।

Madhusudan Sarda    [signature]    Mayank Sarda

Madhusudan Sarda

Mayank Sarda

८. **नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृति चाहिने वा नचाहिने हो सो कुरा खुलाउने :** हाल साधारण सेयरहरुको मात्र व्यवस्था गरिएको हुँदा पछि साधारण सभाले अन्य वर्गका शेयरहरुको व्यवस्था गरेमा सोही सभाले निर्धारण गरे वा तोकेबमोजिम हुनेछ ।

९. **अग्राधिकार शेयर सम्बन्धी व्यवस्था :** हाल कम्पनीले अग्राधिकार शेयर जारी गरेको छैन । पछि सभाले अग्राधिकार शेयर जारी गर्ने गरी निर्णय पारित गरेमा सोही बमोजिम हुनेछ ।

१०. **संस्थापकले लिनुपर्ने शेयर :** कम्पनीको संस्थापक हुन कुल शेयरको कम्तीमा १००० कित्ता शेयर लिएको हुनुपर्नेछ ।

११. **शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्था :** कम्पनीले आवश्यकतानुसार शेयर वापतको रकमको भुक्तानी माग गर्नेछ । शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्य कुरा ऐन बमोजिम हुनेछ ।

१२. **शेयर बिक्री वा धितोबन्धक सम्बन्धी व्यवस्था :**

(१) कम्पनीको कुनै शेयरधनीले सञ्चालक समितिको पूर्व स्वीकृति नलिई आफ्नो नाममा रहेको शेयर कम्पनीको शेयरधनी वाहेक अन्य व्यक्तिलाई बिकी वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न सक्नेछैन ।

(२) आफ्नो नाममा रहेको शेयर बिकी गर्न वा धितोबन्धक राख्न चाहने शेयरधनीले सञ्चालक समितिमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । त्यसरी जानकारी गराउँदा शेयर बिकी गर्न लागेको भए आफूले बिकी गर्न चाहेको शेयरको मूल्य र धितोबन्धक राख्न चाहेको भए धितोबन्धक लिने व्यक्तिको नाम, ठेगाना, धितोवापत लिएको ऋण, धितो फुकुवा हुने प्रस्तावित मिति समेत खुलाउनु पर्नेछ ।

(३) कुनै शेयरधनीले उपनियम (२) बमोजिम शेयर बिकी गर्नको निमित्त जानकारी गराएमा सञ्चालक समितिले सो जानकारी पाएको सात दिनभित्र अन्य शेयरधनीलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

(४) कुनै शेयरधनीले यसरी बिकी हुन लागेको शेयर खरीद गर्न चाहेमा उपनियम (३) बमोजिम जानकारी पाएको पैतीस दिनभित्र सो कुराको जानकारी सञ्चालक समितिलाई दिनुपर्नेछ ।

(५) शेयर खरीद गर्न चाहने उपनियम (४) बमोजिम जानकारी दिने शेयरधनीले त्यसरी जानकारी दिएको तीन महिनाभित्र त्यस्तो शेयर खरीद गर्नु पर्नेछ । एक भन्दा बढी शेयरधनीले उपनियम (४) बमोजिम जानकारी दिएकोमा सबैभन्दा पहिले जानकारी दिने शेयरधनीले शेयर खरीद गर्न पाउनेछ ।

(६) उपनियम (४) बमोजिम पैंतीस दिनभित्र कुनै पनि शेयरधनीले शेयर खरीद गर्न चाहेको जानकारी सञ्चालक समितिलाई नदिएमा सञ्चालक समितिले उपनियम (२) बमोजिम जानकारी दिने शेयरधनीलाई सो कम्पनीका शेयरधनी वाहेक अन्य व्यक्तिलाई शेयर बिकी गर्न स्वीकृति दिनेछ र त्यस्तो स्वीकृति एक वर्षसम्म कायम रहनेछ ।
तर यस उपनियम बमोजिम अन्य व्यक्तिलाई शेयर बिक्री गर्दा उपनियम (२) मा उल्लिखित मूल्य भन्दा कम मूल्यमा शेयर बिकी गर्न पाउने छैन ।

(७) कुनै शेयरधनीले आफ्नो शेयर कम्पनीका शेयरधनीबाहेक अन्य व्यक्तिलाई धितोबन्धक राख्न उपनियम (२) बमोजिम जानकारी गराएमा सञ्चालक समितिले जानकारी पाएको पन्ध्र दिनभित्र धितोबन्धक राख्न स्वीकृति दिने वा नदिने सम्बन्धमा निर्णय गरी सोको जानकारी शेयरधनीलाई दिनुपर्नेछ । स्वीकृति नदिने भए सोको कारण समेत खुलाउनुपर्नेछ ।

(८) यस कम्पनीमा सर्वसम्मत सम्झौता गरिएको छैन ।

(९) शेयर बिक्री वा धितोबन्धक र दाखिल खारेजसम्बन्धी अन्य व्यवस्था ऐन बमोजिम हुनेछ ।

१३. **शेयरको प्रमाण पत्र :** कम्पनीले जारी गर्ने शेयरको प्रमाणपत्रमा सञ्चालक समितिको अध्यक्षको हस्ताक्षर गरी जारी गरिनेछ ।
तर कम्पनी सचिवको नियुक्ति भएको अवस्थामा सञ्चालक समितिको अध्यक्ष र कम्पनी सचिवको दस्तखत शेयर प्रमाण पत्र जारी गरिनेछ ।

१४. **शेयर पूंजी हेरफेर गर्ने कुरा :** साधारण सभाबाट प्रस्ताव पारित गरी साधारण सभाको निर्णयबाट ऐन बमोजिम कम्पनीको शेयर पूंजी हेरफेर गर्न सकिनेछ ।

Madhusudan Sarda

Mayank Sarda

CamScanner

Mathuradas Sarda Mayank Sarda

१५. **ऋण वा डिबेञ्चर सम्बन्धी व्यवस्था :** आवश्यकताअनुसार प्रचलित कानुनको अधीनमा रही यस कम्पनीले ऋण वा डिबेञ्चर उठाउने छ ।

१६. **शेयरधनी तथा डिबेञ्चरवालाको दर्ता किताबको निरीक्षण :** शेयरधनी वा डिबेञ्चरवालाले कम्पनीको शेयर वा डिबेञ्चर दर्ता किताब निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनु पर्नेछ ।

कम्पनीले आफ्नो सूचनापाटीमा ७ दिन अगावै सूचना टाँस गरी एक वर्षमा पैतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ ।

## परिच्छेद-३
## साधारणसभा

१७. **साधारण सभासम्बन्धी व्यवस्था :**

(१) यस कम्पनीको वार्षिक साधारणसभा नियमित रुपमा गरिनेछ ।

(२) उपनियम (१) बमोजिम वार्षिक साधारण सभासम्बन्धी व्यवस्था यस नियमावलीमा उल्लेख भएबमोजिम लागू हुनेछ ।

१८. **कम्पनीको साधारण सभासम्बन्धी व्यवस्था :**

१) यस कम्पनीको साधारणसभा देहायबमोजिम हुनेछन्:

क) वार्षिक साधारणसभा

ख) विशेष साधारणसभा

२) यस कम्पनीको वार्षिक साधारण सभा कम्पनी संस्थापना भएको मितिले १२ महिनाभित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र गरिनेछ ।

३) यस कम्पनीको वार्षिक साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै सेयर होल्डरहरुलाई सूचना दिइनेछ ।

४) सञ्चालक समितिको अध्यक्ष वा सञ्चालक समितिले तोकेको पदाधिकारीले साधारण सभा बोलाउनेछ ।

५) उपनियम ४ मा उल्लिखित पदाधिकारीले साधारण सभा नबोलाइएमा वा अन्य कुनै कारणले सञ्चालक समितिको बैठक बस्न नसकेमा सञ्चालक समितिको कूल सञ्चालकहरु मध्ये कम्तीमा ५१ प्रतिशत सञ्चलक उपस्थित भई सोहि कारण खुलाई साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछन् । यसरी साधारण सभा बोलाउन सेयरधनीलाई उपनियम ३ बमोजिम सूचना दिनु पर्नेछ । यसरी बस्ने सञ्चालक समितिको बैठक र साधारण सभामा अध्यक्ष उपस्थित भएकोमा निजको अध्यक्षतामा र अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरु मध्येबाट छानिएका सञ्चालकले सञ्चालक समितिको बैठक तथा साधारण सभाको अध्यक्षता गर्नेछ ।

६) उपनियम ३ वा ५ बमोजिम बोलाइएको साधारणसभा नियम २४ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ ।

७) कम्पनीको साधारण सभा नेपालबाहिर पनि हुनसक्नेछ ।

१९. **साधारण सभाको कार्यविधि :-**

१) साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ ।

२) सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकले आफू मध्येबाट छानिएको सञ्चालकले सभाको अध्यक्षता गर्नेछ । तर साधारणसभामा कुनै पनि सञ्चालक उपस्थित नभएमा सभामा उपस्थित सेयरधनीहरुले आफूमध्येबाट छानेको सेयरधनीले साधारणसभाको अध्यक्षता गर्नेछ ।

Mathuradas Sarda Mayank Sarda

CamScanner

Madhusudan Sarda Mayank Sarda

३) सभाको काम कारबाही प्रारम्भ हनु अघि सभाको वैधताबारे छलफल गरी गणपूरक संख्या पुगे वा नपुगेको यकिन गर्नु पर्नेछ र गणपूरक संख्या पुगेको पाइएमा सो सभाको अध्यक्षको अनुमतिले विधिवत् सञ्चालन हुनेछ ।

४) सभामा छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रतावमा निर्णय नभई अर्को प्रस्तावमा प्रवेश गरिनेछैन ।

५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ ।
तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित सेयरधनीहरुमध्ये पचहत्तर प्रतिशत सेयरको प्रतिनिधित्व गर्ने सेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।

६) सभाको मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

७) कुल सेयर पुँजीको सतसठ्ठी प्रतिशत सेयरको प्रतिनिधित्व गर्ने सेयरधनीहरुले स्वीकृति दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

८) कुनै विषयमा सेयरधनीहरुको मत सङ्कलन गर्नुपर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रियाअनुसार मत सङ्कलन गरिनेछ ।

**२०. साधारण सभाबाट पारित गर्नुपर्ने विशेष प्रस्ताव लगायतका प्रस्तावहरु पारित गर्न साधारण सभा नबोलाई सेयरधनीहरुको लिखित प्रस्तावबाट पारित हुन सक्नेछैन ।**

**२१. साधारण सभामा पेश गर्ने अन्य विषय :** सञ्चालक समितिबाट कुनै निर्णय गरी साधारण सभाबाट अनुमोदन गराउने गरी निर्णय भएको विषय साधारण सभामा उपस्थित कुल शेयरधनीको ७५ प्रतिशत शेयरधनीहरुले साधारण सभामा छलफलका लागि पेश गरेको प्रस्ताव साधारण सभामा निर्णयका लागि पेश गरिनेछ ।

**२२. विशेष प्रस्तावसम्बन्धी व्यवस्था :-**
कम्पनीका विशेष प्रस्तावको एजेन्डा सञ्चालक समितिले तयार पार्नेछ र सोको कार्यविधि कम्पनी ऐन २०६३, कम्पनीको प्रवन्धपत्र, नियमावली र साधारण सभाले निर्धारण गरेबमोजिम हुनेछ ।

**२३. विशेष साधारणसभा :** ऐन बमोजिम कम्पनीको विशेष साधारण सभा बोलाउन सकिनेछ ।

**२४. गणपूरक संख्या :-** बाँडफाँड भएको कूल सेयर संख्याको कम्तीमा ६० प्रतिशत सेयरको प्रतिनिधित्व हुने गरी कुल सेयरधनीहरुमध्ये कम्तीमा २ जना सेयरधनी स्वयं वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन ।

तर नियम १८ को उपनियम (६) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कुल सेयर संख्याको कम्तीमा ५१ प्रतिशत सेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा २ जना सेयरधनी स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा गर्न बाधा पर्नेछैन ।

**२५ प्रोक्सी मतसम्बन्धी व्यवस्था :-**

१) प्रचलित कानुन बमोजिम करार गर्न योग्य व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिनेछ ।

२) कुनै सेयरधनी प्रतिनिधि नियुक्त गरी आफू स्वयं उपस्थित भएमा त्यस्तो प्रतिनिधित्व स्वतः रद्द भएको मानिनेछ ।

३) प्रतिनिधि नियुक्त भएकोमा साधारणसभामा शेयरवालसरह निजले समृत मतदान गर्न सक्नेछ ।

**२६. मतदान :-**

१) ऐन तथा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहे प्रत्येक शेयरधनीलाई निजले लिएको प्रत्येक शेयरबापत साधारणसभामा एक मत दिने अधिकार हुनेछ ।

२) हाल साधारण शेयरमात्र जारी गरिएको हुँदा साधारण सभाबाट फरक मताधिकार भएका शेयरहरु जारी गर्ने गरी निर्णय भएमा सोही बमोजिम हुनेछ ।

३) हाल साधारण सभामा मताधिकार प्रयोग गर्न नपाउने गरी कुनै शेयर जारी गरिएको छैन ।

Madhusudan Sarda Mayank Sarda

CamScanner

Madhusudan Sarda Mayank Sarda

४) हाल सञ्चालक नियुक्ति गर्दा एक शेयरको एक मतभन्दा बढी मत प्रयोग गर्ने व्यवस्था गरिएको छैन ।

५) शेयरवालाहरुको बीचमा सर्वसम्मत सम्झौता भई सञ्चालकसम्बन्धी विशेष व्यवस्था भएमा सञ्चालकको नियुक्ति गर्दा मतदान गर्नुपर्ने छैन ।

६) कुनै सञ्चालकलाई कम्पनीको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी ) नियुक्त गरेको भएमा आफूलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो सञ्चालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन ।

२७. **साधारण सभाको निर्णय विवरणको अभिलेख :**

१) ऐन अनुसार खुलाउनु पर्ने कुरा खुलाई साधारण सभाको काम कारबाही तथा निर्णयको विवरणको छुट्टै अभिलेख गरी राखिनेछ । त्यस्तो विवरणमा सभाको अध्यक्ष तथा कम्पनी सचिवले हस्ताक्षर गर्नुपर्नेछ । कुनै व्यहोराले सभामा कम्पनी सचिव अनुपस्थित भएको वा कम्पनी सचिवको नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष तथा सभाले नियुक्त गरेको एकजना सेयरधनीले त्यस्तो विवरणमा हस्ताक्षर गर्नु पर्नेछ ।

२) उपनियम (१) बमोजिम राखिएको साधारणसभाको काम कारवाहीको विवरणको अभिलेख कम्पनीको रजिष्टर्ड कार्यालयमा राख्नु पर्नेछ । त्यस्तो विवरण कुनै सेयरधनीले कार्यालय समयमा निरीक्षण गर्न चाहेमा कम्पनी सचिव वा कम्पनीले तोकेको अन्य कर्मचारीले निरीक्षण गर्न दिनु पर्नेछ ।

## परिच्छेद-४
## सञ्चालक समिति

२८. **सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :**

१) कम्पनीको सञ्चालक समिति गठन हुनेछ ।

क) यस कम्पनीमा एक जनाको सञ्चालक समिति हुनेछ ।

ख) सञ्चालकहरुको कार्यकाल चार वर्षको हुनेछ ।

२) वार्षिक साधारणसभा हुन अगावै कुनै कारणले कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि सञ्चालकको नियुक्ति जुन प्रक्रियाबाट पहिले सञ्चालक नियुक्त भएको हो सोही प्रक्रियाबाट गरिनेछ । कुनै सञ्चालकको कार्यकाल पूरा नहुँदै बीचमा पद रिक्त भई सो पदमा नियुक्त भएको सञ्चालकको कार्यकाल जुन सञ्चालकको पद रिक्त भई नियुक्त भएको हो सो सञ्चालकको बाँकी कार्यकालसम्मको लागि मात्र हुनेछ ।

तर वार्षिक साधारणसभाद्वारा नियुक्त गरिएको सञ्चालकको पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारणसभासम्मको लागि सञ्चालक समितिले सञ्चालक नियुक्त गर्नेछ ।

३) संगठित संस्थाले वैकल्पिक सञ्चालक पनि नियुक्त गर्न सक्नेछ ।

४) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा नभएसम्मका लागि संस्थापक शेयरवालाहरु नै प्रथम सञ्चालक हुनेछन् ।

५) कम्पनीको प्रथम वार्षिक साधारण सभा नभए सम्म देहायको एकल सञ्चालक समिति रहनेछ ।

क) मधु सुदन सारडा

२९. **सञ्चालक हुन लिनुपर्ने न्यूनतम सेयर संख्या :** यस कम्पनीको सञ्चालक पदमा नियुक्त हुनका लागि कुनै पनि सेयरधनीले कम्पनीको चुक्ता पुँजीको कम्तीमा १० प्रतिशत शेयर आफ्नो नाममा लिएको हुनु पर्नेछ ।

तर, स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

Madhusudan Sarda Mayank Sarda

CamScanner

Madhusudan Sarda [signature] Mayank Sarda

३०. **सेयरधनी बाहेकको अन्य कुनै स्वतन्त्र र व्यावसायिक व्यक्तिहरुलाई सञ्चालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था खुलाउने** : हाल स्वतन्त्र र व्यावसायिक व्यक्तिलाई सञ्चालकमा नियुक्ति गर्ने व्यवस्था गरिएको छैन ।

३१. **सञ्चालक पुन: नियुक्त हुन सक्ने वा नसक्ने :-** निर्वाचन प्रक्रियाद्वारा सञ्चालक सदस्यहरु चुनिने हुँदा एक पटक सञ्चालक भइसकेको व्यक्ति पुन: अर्को कार्यकालका लागि सञ्चालाक हुन सक्नेछन् ।

३२. **सञ्चालक नियुक्तिसम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने :** छैन ।

३३. **सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधासम्बन्धी व्यवस्था :**

१) सञ्चालकको पारिश्रमिक, बैठक भत्ता तथा अन्य सुविधा साधारण सभाले तोकेबमोजिम हुनेछ ।

२) उपनियम (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि पहिलो साधारण सभा नभएसम्म त्यस्तो पारिश्रमिक, बैठक भत्ता दैनिक भत्ता तथा अन्य सुविधा सञ्चालक समिति आफैले तोक्न सक्नेछ ।

तर यसरी एकपटक तोकिएको पारिश्रमिक, भत्ता तथा सुविधा प्रथम साधारणसभा नभएसम्म परिवर्तन गर्न सकिने छैन ।

३४. **सञ्चालक समितिको काम कर्तव्य र अधिकार :** कम्पनी ऐन २०६३, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा सर्वसम्मत सम्भौताको अधिनमा रही कम्पनीको सञ्चालन तथा कारोवार सञ्चालन समितिद्वारा गरिनेछ । तदनुसार सञ्चालक समितिलाई निम्नलिखित अधिकारहरु समेत हुनेछन् ।

(१) कम्पनीको उद्देश्य परिपूर्तिमा सघाउ हुने सम्पत्ति, अधिकार, सहुलियत र सुविधा कम्पनीको लागि उचित मूल्यमा खरिद गर्ने वा अन्य कुनै तरिकाबाट प्राप्त गर्ने ।

(२) कम्पनीलाई प्राप्त सेवा, अधिकार, सहुलियत र सुविधा वा सम्पत्तिको कम्पनीको मूल्यको लागि कम्पनीको शेयर, धितोपत्र प्रदान गर्ने वा नगद वा जिन्सीको रुपमा भुक्तानी दिने ।

(३) कम्पनीको तत्काल आवश्यक नपर्ने रकमहरु लगानी गर्ने वा अन्य कुनै प्रयोजनको लागि लगानीको प्रबन्ध मिलाउने, कसैलाई जमानी उपल्ब्ध गराउनु परेमा त्यस्तो जमानत उपलब्ध गराउने ।

(४) कम्पनीको संगठनात्मक ढाँचा निर्धारण गरि आवश्यकतानुसार समय समयमा प्रवन्धक, सल्लाहकार, लेखापाल, कारिन्दा ईत्यादिलाई कम्पनीको अस्थायी, स्थायी, विशेष सेवामा नियुक्त गर्ने, निजहरुको तलव भत्ता तोक्ने, निजहरुको अधिकार, कर्तव्य निर्धारण गर्ने, निजहरु मध्ये केहीलाई खारेजी, निलम्वन, बढुवा गर्ने, कर्मचारी सम्वन्धी नियमको तर्जुमा र लागू गर्ने ।

(५) कम्पनी वा यसका कर्मचारीको काम कारवाहीसंग सम्वन्धित विषयमा निवेदन गर्ने, मुद्दा दायर गर्ने, मिलापत्र गर्ने, दावी परित्याग गर्ने, प्रतिवाद गर्ने, पुनरनवेदन वा अन्य आवश्यक निवेदन वा उजूरी दिने तथा उक्त कार्यहरुका लागि कुनै व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने, कानून व्यवसायी नियुक्त गर्ने ।

(६) कम्पनीको नाममा विविध प्रकारका बैंक खाता खोल्ने, संचालन गर्ने तथा आवश्यक बैकिङ्ग सेवाहरु प्राप्त गर्ने, ती कार्यहरु सम्पन्न गर्न अधिकार प्रदान गर्ने ।

(७) कम्पनीको साधारण नीतिहरु तय गर्ने लगायत सर्वसम्मत संभौताका अधिनमा रही सम्पूर्ण कियाकलाप र संचालन सम्बन्धी कुराहरु निर्धारण गर्ने तथा सधारण सभामा पेश गर्नु पर्ने विषयहरु बाहेक अन्य साधारण वा असाधारण परिस्थितिमा गर्नु पर्ने निर्णयहरु गर्ने ।

(८) यस नियमवलीको अधिनमा रहि आफना केही अधिकारहरु कुनै संचालक, कर्मचारी वा अन्य कसैलाई सुम्पने ।

(९) कम्पनीको दैनिक काम कारवाहीको सिलसिलामा आईपर्ने आवश्यक सबै काम कारवाहीहरु गर्ने तथा भैसकेका कार्यहरुको अनुमोदन गर्ने ।

३५. **अधिकार प्रत्यायोजनसम्बन्धी व्यवस्था :-** सञ्चालकहरुले आफ्नो अधिकार आफूबाहेक अन्य सञ्चालकहरुमा प्रत्यायोजन गर्नुपर्ने अवस्था आएमा सञ्चालक समितिको पूर्ण सहमति लिई सञ्चालक समितिभित्रकै अन्य सदस्यहरुबाहेक अरुलाई आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

Madhusudan Sarda [signature] Mayank Sarda

CamScanner

Madhusudan Sarda Mayank Sarda

३६. **प्रबन्ध सञ्चालाकसम्बन्धी व्यवस्था :-** कम्पनीको काम व्यवस्थित रुपले संचालन गर्न सञ्चालकहरु मध्येबाट संचालक समितिले एक जना संचालकलाई प्रबन्ध संचालकमा नियुक्त गर्न सक्नेछ । प्रबन्ध संचालकको काम, कर्तव्यर अधिकार कम्पनीको संचालक समितिबाट समय समयमा निर्धारण गर्नेछ । कम्पनीको दैनिक प्रशासनिक, व्यवस्थापन तथा कारोबार हेर्ने प्रयोजनको लागि कम्पनीको आफनो कारोबार संग सम्बन्धित वा अन्य कुनै व्यक्तिलाई प्रमुख कार्यकारी नियुक्त गर्न तथा निजको सेवाशर्त समेत तोक्न एव आवश्यकताअनुसार सम्झौता गरी नियुक्त गर्न सक्नेछ । प्रबन्ध सञ्चालकको पारिश्रमिक तथा शेवाका शर्तहरु करारद्वारा निश्चित गरिनेछ ।

३७. **सञ्चालक समितिको बैठक कसले बोलाउने हो सो कुरा खुलाउने :** सञ्चालक समितिको बैठक समितिको अध्यक्ष वा अध्यक्षको अनुमतिले प्रबन्ध सञ्चालकले बोलाउन सक्नेछ ।

३८. **सञ्चालक समितिको बैठकसम्बन्धी कार्यविधि :-**

१) सञ्चालक समितिको बैठक आवश्यकताअनुसार नियम ३७ मा लेखिएको पदाधिकारीले बोलाउने छ त्यसरी बैठक नबोलाएमा कुल सञ्चालक संख्याको कम्तीमा पच्चीस प्रतिशत सञ्चालकहरुले माग गरेमा त्यस्तो पदाधिकारीले पन्ध्र दिनभित्र सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि बैठक नबोलाएमा सो कुरा खुलाई कम्तीमा पच्चीस प्रतिशत सञ्चालकले बैठकमा छलफल हुने विषय र बैठक बस्ने समय तथा स्थान उल्लेख गरी सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन् । यसरी बैठक बोलाउँदा अन्य सञ्चालकहरुलाई उपनियम (२) अनुसार बैठकको सूचना दिनु पर्नेछ ।

२) सञ्चालक समितिको बैठकको सूचना सञ्चालकले उल्लेख गरेको ठेगानामा लिखित रुपमा वा विद्युतीय सञ्चार माध्यमबाट दिन सकिने छ ।

३) सञ्चालकहरु सञ्चालक समितिको बैठकमा स्वयं उपस्थित हुनु पर्नेछ ।
तर वैकल्पिक सञ्चालक नियुक्त गर्ने संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक अनुपस्थित भएको अवस्थामा निजको वैकल्पिक सञ्चालक उपस्थित हुन सक्नेछ ।

४) सञ्चालकहरुको कूल संख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरु उपस्थित नभइ सञ्चालक समितिको बैठक हुने छैन ।
तर गणपूरक संख्या नपुगी सञ्चालक समितिको बैठक हुन नसकेमा कम्तीमा तीन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिने छ । त्यस्तो बैठकमा पनि गणपूरक संख्या नपुगेमा उपस्थित सञ्चालकहरुले गरेको कामकारबाही तथा निर्णय मान्य हुने छ ।

५) सञ्चालक समितिको बैठकको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरुले आफूमध्येबाट छानेको सञ्चालकले अध्यक्षता गर्नेछ ।

६) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।
तर सञ्चालक समितिको बैठकमा आफ्नो निजी सरोकार वा स्वार्थ भएको विषयमा हुने छलफलमा कुनै सञ्चालकले भाग लिन वा मतदान गर्न पाउने छैन ।

७) सञ्चालक समितिको कुनै बैठकको निर्णयमा असहमत हुने कुनै सञ्चालकले आफ्नो असहमति जनाउने छुट्टै राय लेख्न वा राख्न पाउने छ ।

८) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा सञ्चालक समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । त्यस्तो सहमतिलाई सञ्चालक समितिको बैठकको निर्णय सरह मानिनेछ ।

३९. **सञ्चालक समितिको निर्णयको अभिलेख :**

१) सञ्चालक समितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्युट)को छुट्टै अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालकहरुको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरुले सही गर्नुपर्ने छ । तर बैठकमा

Madhusudan Sarda Mayank Sarda

Madhusudan Sarda Mayank Sarda

उपस्थित कुनै सञ्चालकले निर्णयको विवरणमा सही नगरेकै कारणबाट उक्त निर्णय अमान्य भएको मानिने छैन ।

२) विद्युतीय सञ्चार साधन वा कम्प्यूटरको प्रयोग गर्ने भए त्यस्तो विद्युतीय सञ्चार साधन वा कम्प्यूटरको माध्यमबाट पनि निर्णयको विवरण राख्न सकिनेछ । यसरी निर्णयको विवरण राख्ने भए निर्णयको व्यहोरा फेरबदल गर्न नपाउने पर्याप्त व्यवस्था गर्नु पर्नेछ ।

३) कुनै सेयरधनीले सञ्चालक समितिको निर्णय कार्यालय समयभित्र निरीक्षण गर्न सक्नेछ ।

४०. **प्रमुख कार्यकारी अधिकृतसम्बन्धी व्यवस्था :** कम्पनीको कारोबारको सिलसिलामा सञ्चालक समितिले प्रमुख कार्यकारी अधिकृतको आवश्यकता भएको महसुस गरी निजको काम, कर्तव्य र अधिकार सेवाको शर्त तथा सुविधा समेत उल्लेख गरी प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्न सक्ने छ ।

## परिच्छेद-५
## हिसाबकिताब, लेखा तथा लेखापरीक्षण

४१. **कम्पनीको हिसाबकिताब, लेखा र लेखापरीक्षण :**

(१) यस कम्पनीको लेखा तथा हिसाबकिताब प्रचलित कानून अनुसार अधिकार प्राप्त निकायले निर्धारण गरेको लेखा मापदण्ड अनुरुप तयार गरिनेछ ।

(२) कम्पनीले राख्नुपर्ने हिसाबकिताबमा प्रति दिनको कारोवार स्पष्ट देखिने गरी अद्यावधिक रुपमा राख्नुपर्नेछ ।

(३) ऐन बमोजिम तोकिएको रकम भन्दा बढी रकमको वार्षिक कारोवार भएको आर्थिक वर्षमा कम्पनीले आफ्नो हिसाबकिताब लेखापरीक्षण गराउनेछ ।

(४) उपनियम (३) बमोजिम हिसाबकिताब लेखापरीक्षण गराउन पर्ने भएमा सो प्रयोजनको लागि वार्षिक साधारण सभा हुने भए सोही सभा र त्यस्तो साधारण सभा नहुने भए सञ्चालक समितिले वा सर्वसम्मत सम्झौतामा गरिएको व्यवस्था अनुसार ऐन बमोजिम लेखापरीक्षक नियुक्त गर्नेछ । त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिनभित्र निजको नाम कार्यालयमा पठाउनेछ । तर प्रथम साधारण सभा हुनु भन्दा अधि सञ्चालक समितिले लेखापरीक्षक नियुक्त गर्नेछ ।

(५) उपनियम (४) बमोजिम नियुक्त लेखापरीक्षकले आफूले लेखापरीक्षण गरेको हिसावकिताब र लेखाबाट कम्पनीको वासलात, नाफानोक्सानीको हिसाव एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ । कम्पनीले त्यस्तो प्रतिवेदनको प्रतिलिपि प्रत्येक शेयरधनी र कार्यालयलाई पठाउनु पर्नेछ

(६) कम्पनीको अद्यावधिक हिसाबकिताब कुनै शेयरधनीले निरीक्षण गर्न चाहेमा कार्यालय समयभित्र यथाशीघ्र निरीक्षण गर्न दिनु पर्नेछ ।

## परिच्छेद-६
## विविध

४२. **लाभांशसम्बन्धी व्यवस्था :-**

१) लाभांश वितरण गर्ने निर्णय भएको ४५ दिनभित्र लाभांश वितरण गर्नु पर्नेछ ।

२) उपनियम १ बमोजिमको अवधिभित्र लाभांश वितरण नगरेमा दश प्रतिशतको दरले लाभांशको व्याज समेत थप गरी लाभांशको रकम भुक्तानी गर्नु पर्नेछ ।

३) अन्तरिम लाभांश वितरण गरिनेछ ।

४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीले सेयर वापत माग गरेको रकम चुक्ता नगर्ने सेयरधनीलाई सो हदसम्म निजको लाभांश रोक्का राख्न सक्नेछ ।

Madhusudan Sarda Mayank Sarda

CamScanner

Madhusudan Sud  Mayank Sarda

४३. **सेयरधनी, डिवेञ्चरवाला, सञ्चालक र पदाधिकारीलाई दिइने तथा निजबाट प्राप्त हुने सूचना :** कम्पनीका सेयरधनी, डिवेञ्चरवाला, वा पदाधिकारीहरुलाई दिइने सूचनाहरु तथा निजहरुले दिने सूचना जानकारीहरु लिखित रुपमा निजले उपलब्ध गराएको ठेगानामा दिइने छ । साथै निजहरुले प्राप्त गर्ने सूचना विद्युतीय माध्यमबाट दिएमा समेत हुने गरी कम्पनीमा जानकारी गराएको अवस्थामा विद्युतीय माध्यमबाट समेत दिन सकिनेछ ।

४४ **कम्पनी सचिवसम्बन्धी व्यवस्था :** यस कम्पनीमा एक कम्पनी सचिव नियुक्त गरिनेछ । निजको काम, कर्तव्य र अधिकार ऐन, प्रबन्धपत्र, नियमावली, आचारसंहिताको व्यवस्था तथा समय समयमा हुने सञ्चालक समितिको बैठक र वार्षिक साधारणसभाको निर्णयबमोजिम हुनेछ ।

४५. **कम्पनीको छापसम्बन्धी व्यवस्था :**

१) कम्पनीको कारोवारमा कम्पनीको छापको प्रयोग हुनेछ । कम्पनीको छापको जिम्मा प्रवन्ध संचालकमा रहनेछ ।

२) अनधिकृत रुपमा छाप प्रयोग गरी कम्पनी उपर कुनै दायित्व सिर्जना भएमा सो छाप जिम्मा लिने व्यक्तिवाट त्यस्तो दायित्व बापत सिर्जना हुने रकम निजले कम्पनीबाट पाउनु पर्ने जुनसुकै रकम र सो रकमबाट असूल उपर हुन नसकेमा सरकारी बाँकी सरह जुनसुकै सम्पत्तिवाट कम्पनीले असूल उपर गरी लिन पाउनेछ ।

४६. **प्रतिलिपि दस्तुर सम्बन्धी व्यवस्था :**

१) कम्पनीको प्रवन्धपत्र, नियमावली, वार्षिक अर्थिक विवरण, लेखापरीक्षण प्रतिवेदन, सञ्चालकको लगत, दर्ता प्रमाणपत्र वा कम्पनीले कार्यालयमा पेश गरेको कुनै लिखतको प्रतिलिपि कुनै सदस्य वा अरु कुनै सरोकारवालाले माग गरेमा रु १० दस्तुर लिई प्रतिलिपि दिनुपर्ने छ ।

२) साधारण सभाको काम कारबाहीको विवरणको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु २० दस्तुर लाग्ने छ ।

३) सञ्चालक समितिको निर्णय प्रतिलीपि प्राप्त गर्न प्रति पृष्ठ रु. २० दस्तुर लाग्नेछ ।

४) सेयर प्रमाणपत्रको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु ५००।- दस्तुर लाग्नेछ ।

५) सेयरधनी वा डिवेन्चरवालाको दर्ता किताबको प्रतिलिपि प्राप्त गर्न प्रतिपृष्ठ रु १००।- दस्तुर लाग्ने छ ।

४७. **कम्पनी गाभिने कुरा :-**

१) यस कम्पनीमा कुनै अर्को कम्पनीलाई वा यस कम्पनीलाई कुनै अर्को कम्पनीमा गाभ्न आवश्यक भएमा कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी ऐन बमोजिम प्रक्रिया पूरा गरी अर्को कम्पनीलाई गाभ्न वा आफू अर्को कम्पनीमा गाभिन सक्नेछ ।

२) कुनै कम्पनी अर्को कम्पनीमा गाभिंदा शेयरको हेरफेर, हस्तान्तरण वा कम्पनीको सम्पूर्ण जायजेथाको बिक्री सहमति नजनाउने शेयरधनीलाई कम्पनी गाभ्न निर्णय गर्दाको समयमा गरेको निर्णय वा सर्वसम्मत सम्झौतामा उल्लिखित व्यवस्थाबमोजिम हुनेछ ।

४८. **कम्पनीको खारेजी :-**

१) प्रचलित कानुनको अधिनमा रही कम्पनीको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी कम्पनी स्वेच्छिक खारेज गर्न सकिनेछ ।

२) उपनियम १ बमोजिम कम्पनी खारेजीको प्रस्ताव पारित गर्दा साधारणा सभाले खारेजीका कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटर तथा लेखा परीक्षकको नियुक्ति गर्नेछ । त्यसरी नियुक्ति भएका लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक सभाले तोकिदिएबमोजिम हुनेछ ।

३) उपनियम २ बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनीको खारेजीसम्बन्धी काम कारवाही गर्नेछन् ।

४९. **कुनै खास व्यवसाय गर्ने कम्पनी नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानुनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा खुलाउने :-** छैन ।

५०. **अन्य आवश्यक कुराहरु :-**

१) कम्पनीको आर्थिक वर्ष श्रावण १ बाट सुरु भई असार मसान्तसम्म हुनेछ ।

Madhusudan Sud  Mayank Sarda

CamScanner

Madhusudan Sarda [signature] Mayank Sarda

३) कनै शेयरधनी वा डिबेन्चरवाला मरी वा निजले आफ्नो जायजेथा साहूलाई दामासाही गराई वा अरु कुनै व्यहोराले निजको शेयर वा डिबेन्चरमा जसको हक हुन आउने हो निजले रु १००।- दस्तुर सहित कम्पनीमा निवेदन दिनुपर्ने छ ।

४) उपनियम (१) बमोजिम कम्पनीमा निवेदन पर्न आएमा कम्पनीले सोको जाँचबुझ गरी त्यस्तो शेयर वा डिबेन्चर निजको नाममा हस्तान्तरण गरिदिनेछ ।

**५१. नियमावलीमा संशोधन भएमा हुने व्यवस्था :-**

यस नियमावलीमा कम्पनीले कुनै संशोधन गर्नुपर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी वा सर्वसम्मत सम्झौता भएको भए सर्वसम्मत सम्झौता बमोजिम निर्णय गरी त्यस्तो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र नियमावली संशोधन भएको मानिनेछ ।

**५२. नियमावली बाझिएको हदसम्म अमान्य हुने :-**

यस नियमावलीमा लेखिएको कुरा कम्पनी ऐन, अन्य प्रचलित कानूनसँग वा प्रबन्धपत्रसँग बाझिएको हदसम्म त्यस्तो कुरा स्वतः बदर हुनेछ ।

**५३. संस्थापकको विवरण र उद्घोषण :** हामी **जस्मिन हाइजिन प्रोडक्ट्स प्राइभेट लिमिटेड**का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानुन बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो नियमावलीमा उल्लिखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको सेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो नियमावलीमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानुन बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सही छाप गरेका छौं ।

| संस्थापकको नाम, ठेगाना र सहीछाप | बाबुको नाम | ना.प्र.प. नं. र प्राप्त गरेको जिल्ला | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहीछाप | ना.प्र.प. नं.र प्राप्त गरेको जिल्ला |
|---|---|---|---|---|---|
| द. Madhusudan Sard<br>नाम: मधुसुदन सारदा<br>ठेगाना : विराटनगर महानगरपालिका वडा नं. ०२, मोरङ<br>दा. वा. | श्याम सुन्दर सारडा | १२९६६, ,मोरङ | ५५६६६७ थान | द [signature]<br>नाम: दिल लामा, भीमेश्वर नगरपालिका वडा नं. ०८, दोलखा<br>दा. बा | |
| द. [signature]<br>नाम: अनिल सारडा<br>ठेगाना : विराटनगर महानगरपालिका वडा नं. ०२, मोरङ<br>दा. वा. | नन्द किशोर सारडा | २६४१ ,मोरङ | ५५६६६७ थान | द..... [signature]<br>नाम: गगनसिंह धामी<br>ठेगाना: धुलीगाड गाउँपालिका वडा न. ५, दार्चुला ।<br>दा बा | |

Madhusudan Sard [signature] Mayank Sarda.

Madhusudan Sard    Mayank Sarda

| | | | | | |
|---|---|---|---|---|---|
| द. Mayank Sarda<br>नाम: मयंक सारडा<br>ठेगाना : काठमाडौ जिल्ला काठमडौ महानगरपालिका वडा नं. ०६,<br><br>दा. बा. | महेश कुमार सारडा | ७०३२ ,मोरङ | ५५६६६६ थान | द. मिना<br>नाम: मिना अर्याल<br>ठेगाना : काठमाडौ जिल्ला, काठमाडौ महानगरपालिका वडा नं ११<br><br>दा बा | |

यस नियमावलीका मस्यौदाकार

दस्तखत Madhusudan Sard

नाम : मधुसुदन सारदा

ठेगाना : विराटनगर महानगरपालिका वडा नं. ०६, मोरङ

इति सम्बत् २०७८ साल आश्विन महिना १५ गते रोज ०६ शुभम् ..............................

सहायक रजिष्ट्रार